# गुल्मीदरबार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गौंडाकोट, गुल्मी

लुम्बिनी,प्रदेश, नेपाल


च.नं. :
पत्र संख्या : २०७८/०७९

मितिः २०७८/१०/१०

**विषयः प्रस्ताव पेश गर्ने बारे।**

श्री गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु (सबै)

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तपसिलका परियोजना मध्ये आफ्नो विद्यालयमा आवश्यक पर्ने परियोजना छनोट गरी विद्धालय व्यवस्थापन समितिको निर्णय गराई मिति २०७८/१०/१४ भित्र परियोजनाको प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ।

तपसिलः

**क. शैक्षिक गुणस्तर सुधार सम्बन्धी क्रियाकलापहरुः**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउने र विद्यालय भर्ना भएका बालबालिकाहरुलाई विद्यालय छोड्न बाट रोक्नका लागि आवश्यक क्रियाकलाप संचालन गर्ने।
२. विपन्न तथा अपाङ्ग भएका विद्यार्थीहरुको विशेष आवश्यकता सम्बोधन गरी उनीहरुलाई विद्यालय छाड्न बाध्य हुने अवस्था अन्त्य गर्न उपयुक्त कार्य गर्ने।
३. विद्युतीय प्रणाली मार्फत अध्ययन अध्यापनका लागि आवश्यक पर्ने क्षमता विकास सम्बन्धी क्रियाकलाप संचालन गर्ने।
४. दरवन्दी नभएका वा कम भएका र सम्भावना युक्त विद्यालयमा सांकेतिक भाषा, अन्य भाषा, संगीत र खेलकुद सम्बन्धी जनशक्ति उपलब्ध गराउने।

**ख. पुर्वाधार निर्माण तथा मर्मत संभार सम्बन्धी क्रियाकलापः**

१. विद्यालयमा स्वच्छ, स्वस्थ खानेपानीको उपलब्ध गराउने कार्य।
२. विद्यालयमा शौचालय निर्माण र व्यवस्थापन गर्ने कार्य।
३. विद्यालय परिसर र शौचालयको सरसफाई सम्बन्धी कार्य।
४. विद्यालय परिसरको तारवार तथा मर्मत संभार सम्बन्धी कार्य।
५. विद्यालयको बगैंचा निर्माण तथा मर्मत संभार सम्बन्धी कार्य।
६. विद्यालय भवन र कक्षाकोठाको रंगरोगन गर्ने कार्य।
७. विद्यालयमा कम्प्युटर ल्याबको व्यवस्था र इन्टरनेट सुविधा जडान कार्य।
८. चक डस्टर रहितको कक्षाकोठा व्यवस्थापन कार्य।
९. संगीत र खेलकुद सामग्री उपलब्ध गराउने कार्य।

२०७८/१०/१०
लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत